HIMALI BELA 22 NOV 15

# मानवाधिकार आयोग स्थापना गर्ने सिक्किम पूर्वोत्तरकै पहिलो राज्यः डीटी लेप्चा



**पाकिम, २१ नोभेम्बरः** यहाँको सामुदायिक भवनमा राज्यको मानव अधिकार आयोगले मानवाधिकारमाथि आज एउटा सचेतना कार्यक्रमको आयोजन गऱ्यो। कार्यक्रमा राज्यका भवन तथा आवास अनि यातायात मन्त्री डीटी लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित थिए भने एसएसएचआरसीका अध्यक्ष न्यायाधीश एनके जैन, सचिव श्रीमती लाचुङ शेर्पा, पूर्व न्यायाधीश एपी सुब्बा आदिको पनि विशेष उपस्थिति रहेको थियो।

स्वागत वक्तव्य राख्दै श्रीमती लाचुङ शेर्पाले मानवाधिकारका पक्षहरूबारे प्रकाश पारिन्। पाकिमका एसडीपीओ पी देवान र एसडीएमले पनि मानव अधिकारमाथि आफ्ना विचार राखे। सिक्किम विश्वविद्यालयकी प्राध्यापक डा. निधि सक्सेनाले मानिसको मौलिक अधिकार तथा निजी सम्पतिको गोपनीयताका पक्षहरूबारे अवगत गराइन्। सिक्किम उच्च न्यायालयका पूर्व न्यायाधीश एपी सुब्बाले व्यक्तिको जन्मसिद्ध मानवाधिकारका विभिन्न पहलुहरूबारे जानकारी गराए। यसैगरी, एसएसएचआरसीका अध्यक्ष न्यायाधीश एनके जैनले मानिसहरूलाई मानवाधिकारबारे जागरूक गराउन यस्तो कार्यक्रम राखिएको बताए। उनले मानवाधिकारमाथिका अन्तर्राष्ट्रिय ऐन तथा अधिकारबारे सचेत हुन पनि उपस्थित सबैलाई आग्रह गरे।

आवास तथा भवन अनि यातायात विभागीय मन्त्री डीटी लेप्चाले आम जनतालाई मानवाधिकारबारे सचेत गर्न यसप्रकाको कार्यक्रम आयोजन गरेकोमा राज्य मानव अधिकार आयोगप्रति आभार प्रकट गरे। सिक्किम सरकाले कुनै विभेदबिनै मानिसहरूलाई अवसर प्रदान गरेको उनले बताए। सिक्किममा मानवअधिकार उल्लंघनको घटना नभए तापनि सम्पूर्ण पूर्वोत्तरमै मानवाधिकार आयोग स्थापित गर्ने सिक्किम पहिलो राज्य भएको उनले जानकारी दिए।